# PAPER-III
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ______________________________
   (Name) ______________________________
2. (Signature) ______________________________
   (Name) ______________________________

| J | 3 | 4 | 1 | 3 |
|---|---|---|---|---|

OMR Sheet No. : ...............................................
(To be filled by the Candidate)

| Roll No. | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|

(In figures as per admission card)

Roll No.______________________________________
(In words)

Time : **2 $^{1}/_{2}$** hours] [Maximum Marks : **150**

Number of Pages in this Booklet : **12**

Number of Questions in this Booklet : **75**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of seventy five multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal / polythene bag on the booklet. Do not accept a booklet without sticker-seal / without polythene bag and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** (A) (B) ● (D)
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, you will render yourself liable to disqualification.
9. You have to return the original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are however, allowed to carry duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. पहले पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचहत्तर बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए पुस्तिका पर लगी कागज की सील / पोलिथीन बैग को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील / बिना पोलिथीन बैग की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण** : (A) (B) ● (D) जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई अंक काटे नहीं जाएँगे ।**

## NEPALI
## नेपाली
## PAPER – III
## प्रश्नपत्र – III

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. **All** questions are compulsory.

**नोट :** यस प्रश्नपत्रमा **पचहत्तरवटा (75)** बहुविकल्पीय प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्न अनिवार्य छन् ।

**1.** ‘अभिलेखी प्राकृत’ भन्नाले के बुझिन्छ ?

(A) अभिलेखकालीन नेपाली वाङ्मयको भाषा

(B) मध्यदेशमा प्रचलित प्राचीन प्रशासकीय भाषा ।

(C) सम्राट् अशोकका अभिलेखहरूमा अङ्कित भाषा ।

(D) बौद्ध जातकहरूमा प्रयुक्त भाषा ।

**2.** नेपालीमा प्रचलित अरबी मूलका शब्दलाई आर.एल. टर्नरले आफ्नो ‘नेपाली शब्दकोश’ मा कुन स्रोतबाट आएका देखाएका छन् ?

(A) अरबी

(B) फारसी

(C) उर्दू

(D) हिन्दी

**3.** ‘लालटिन’मूल रूपमा कुन भाषाको शब्द हो ?

(A) अङ्ग्रेजी

(B) पुर्तगाली

(C) तुर्की

(D) फारसी

**4.** यीमध्ये कुन चाहिँ कृति खेल विषयक होइन ?

(A) शालिहोत्र

(B) द्यूतमुद्राष्टक

(C) गन्जिफाष्टक

(D) पासा खेल विधि

**5.** तलका मध्ये उरवान विषयक किताब कुन हो ?

(A) भास्वती

(B) सुन्ने कथा

(C) लौकिक न्याय मणिमाला

(D) चर्पट मञ्जरी

**6.** ‘पदसङ्गति’ भने को के हो ?

(A) वाक्यमा पदहरूका बिचको सम्बन्ध ।

(B) वाक्यमा कर्तृपद र क्रियापदको रूपायन प्रणाली ।

(C) व्याकरणिक दृष्टिले एकै प्रकारका पदहरूको हार ।

(D) वाक्यमा पदहरूमाझ पाइने लयात्मकता ।

**7.** समस्त पदभित्र रहने सबै पद विग्रहमा देखाउन नसकी कुनै पदको अर्थ अर्को पद वा पदहरूद्वारा देखाउनु पर्‍यो भने त्यस्तो समासलाई के भनिन्छ ?

(A) आन्तरिक समास

(B) बाह्य समास

(C) नित्य समास

(D) अनित्य समास

**8.** नेपाली भाषामा कुनै कुरामा विशेष जोर दिनलाई प्रयोग गरिने ‘नै’ र ‘ही’ – लाई कस्ता पदको संज्ञा दिइएको छ ?

(A) निर्धारण

(B) किरान

(C) निश्चयीकरण

(D) अवधारण

**9.** “बजारबाट ल्याइएको

प्लास्टिकको इन्द्रकमलमा मेरो कविताको मौरी घुम्दैन ।

आफ्नो धुलोमा जन्मिएको शब्द

अर्काको मखमली भुइँमा बामे सर्दैन ।

पल्लो घरको पाल्तु कुकुरले

मेरो घरको रक्षा गर्दैन ।”

– नकारसूचक क्रियापदप्रधान यस कवितांशको सुर कस्तो छ ?

(A) निराशावादी

(B) नैसर्गिकताको आग्रही

(C) हास्य-व्यङ्ग्यमूलक

(D) रहस्यवादी

**10.** पहाडी वर्गमा पर्ने असार्वनामिक प्रकृति भएका भाषाहरु कुन-कुन हुन् ?

(क) लेप्चा ।

(ख) नेवारी ।

(ग) लिम्बू ।

(घ) धिमाल ।

(A) (क), (ख)

(B) (ख), (ग)

(C) (ग), (घ)

(D) (ख), (घ)

**11.** तलका मध्ये महाप्राणीभवनको नमुना कुन हो ?

(A) दुग्ध > दुध

(B) कील > खिल

(C) सिन्ध > हिन्द

(D) स्वादिष्ठ > स्वादिष्ट

**12.** पहाडी वर्गका कुन कुन भाषा जटिल सर्वनामीकरणमूलक प्रकृतिका हुन् ?

(क) ढुमी

(ख) गुरुङ

(ग) मगर

(घ) थामी

(A) (क), (ख)

(B) (ग), (घ)

(C) (क), (घ)

(D) (ख), (ग)

**13.** द्रविड परिवारका भाषाहरूलाई तिनका विशेषताका आधारमा चार वर्गमा बाँडिएको छ । ती चारवटा वर्ग कुन कुन हुन् ?

(A) पूर्वी, पश्चिमी, उत्तरी, दक्षिणी ।

(B) भारतीय, अफ्रिकेली, अमेरिकेली, अस्ट्रेलियाली ।

(C) दक्षिणी, दक्षिण-केन्द्रीय, केन्द्रीय, उत्तरी ।

(D) दक्षिणी, दक्षिण-पश्चिमी, पश्चिमोत्तरी, केन्द्रीय

**14.** कस्ता छन्दलाई ‘अर्धसमवृत्त छन्द’ भनिन्छ ?

(A) बिजोर पाउमा एक थरी अनि जोर पाउमा अर्कै थरी गण-मात्राहरु भएको ।

(B) चारै पाउमा बेग्ला-बेग्लै गण-मात्राहरु भएको ।

(C) पहिलो र दोस्रो पाउमा एक थरी अनि तेस्रो र चौथो पाउमा अर्कै थरी गण-मात्राहरु भएको ।

(D) प्रथम दुई पाउमा भावको अभिव्यक्ति अनि पछिल्ला दुई पाउमा त्यसको दृष्टान्त स्वरूप कुनै घटना वृतान्त रहेको ।

**15.** जोसमनी मत ग्रहण गर्ने शासक को थिए ?

(A) पृथ्वीनारायण शाह ।

(B) गीर्वाणयुद्धविक्रम शाह ।

(C) रणबहादुर शाह ।

(D) राजेन्द्रविक्रम शाह ।

**16.** ससुरा गिरिराज सुन्दर
गिरिराजै छ निवास मन्दिर
गिरिजा गृहिणी गिरीशकी
यसमा रहस्य नाथ क्यै छ कि ?

– यो पद्य कुन छन्दमा रचिएको छ ?

(A) पुष्पिताग्रा

(B) वियोगिनी

(C) पृथ्वी

(D) मालभारिणी

**17.** "शून्यवाद मेरो निमित्त अझ 'लक्ष्यवाद' नै बनेको छ र मेरो लक्ष्यमा शून्य आइदियो भने छाक अड्कला भन्ने डर हुन्छ । अहिले त म शून्य र लक्ष्यको बिचमा रोप ट्रिक गरिरहेको छु ।"

– यो भनाइ कसको हो ?

(A) बालकृष्ण सम

(B) इन्द्रबहादुर राई

(C) कृष्णचन्द्रसिंह प्रधान

(D) शङ्कर लामिछाने

**18.** "विश्वका अरु साहित्यमा जस्तै नेपाली साहित्यमा यस्तो कुनै उल्लेखनीय कृति पाईंदैन जसमा प्रयोग मात्र छ, परम्परा छैन अथवा जसमा प्रयोग छैन, परम्परा मात्र छ ।"

– नेपाली साहित्यको विषयमा यस्तो मन्तव्य प्रकट गर्ने लेखक को हुन् ?

(A) रामकृष्ण शर्मा

(B) यदुनाथ खनाल

(C) कुमार प्रधान

(D) अभि सुवेदी

**19.** "...... यहाँ कागतको हात्ती घोडा ल्याउँदैमा, गायत्री वा उष्णिक छन्द हाल्दैमा रिझाउन सक्ने अवश्य होइन । भाषाको निम्ति नाट्यशास्त्र बेग्लै बन्नु आवश्यक छ ।"

– यस्तो विचार कसले कुन सन्दर्भमा प्रकट गरेका हुन् ?

(A) समका नाटकका सन्दर्भमा ताना सर्माले ।

(B) देवकोटाको 'सत्यवान-सावित्री' का सन्दर्भमा हृदयचन्द्रसिंह प्रधानले ।

(C) समका नाटकका सन्दर्भमा रामकृष्ण शर्माले ।

(D) समका नाटकका सन्दर्भमा सम आफैले ।

"समेटी बिस्तारै मृदुल करले चारु कवरी
निशालाई मानू प्रणय-वश आलिङ्गन गरी ।
उठे सुस्तै सुस्तै प्रमुदित निशानाथ विमल,
बन्यो साह्रै राम्रो गगनमय त्यो रङ्गमहल ।।"

– माथि उद्धृत पद्य पदेर तलका प्रश्नका उत्तर ठिम्याई निर्दिष्ट स्थानमा चिह्न लगाउनुहोस् ।

**20.** 'कवरी' शब्दको अर्थ के हो ?

(A) कम्मर ।

(B) उषाकाल ।

(C) केशराशी ।

(D) गाग्री ।

**21.** उपर्युक्त पद्यमा सुस्तै सुस्तै उठ्ने को हुन् ?

(A) सुतेका मानिसहरु

(B) जून र ताराहरु

(C) सूर्य

(D) काव्य-नायक

**22.** उपर्युक्त पद्य कुन काव्यबाट लिइएको हो ?

(A) शाकुन्तल महाकाव्य

(B) तरुण-तपसीकाव्य

(C) सुलोचना महाकाव्य

(D) महाराणा प्रताप महाकाव्य

**23.** उपर्युक्त पद्य कुन छन्दमा रचिएको छ ?

(A) मन्दाक्रान्ता

(B) शालिनी

(C) शिखरिणी

(D) स्रग्विणी

**24.** "चाँडै तिम्रो पाउ छुन अनि लट्ठिन मलाई मन लाग्छ तिम्रो ध्वनिसित रसमा पौडी डुबी पीँधमा पुगी मरी नुनिलो मासु त्यहीँ गलाई हाडलाई मैदा पारी दधीचिले झैँ आत्म बलिदान गरी

अणु परमाणुमा पगाली तिमीमा तल्लय हुन मन लाग्छ ।"

– यी वाक्यको वक्ता को हो अनि उसले 'तिमी' भनेर कसलाई भनेको हो ?

(A) 'मुकुन्द-इन्दिरा'को मुकुन्द वक्ता हो र उसले; तिमी भनेर इन्दिरालाई सम्बोधन गरेको हो ।

(B) वक्ता 'चिसो-चूह्लो' महाकाव्यको नायक सन्ते हो अनि 'तिमी' भनेर उसले गौरीलाई सम्बोधन गरेको हो ।

(C) 'मुटुको व्यथा' को शनक वक्ता हो अनि उसले 'तिमी' भनेर यहाँ कपिलालाई भनेको हो ।

(D) वक्ता कवि बालकृष्ण सम हुन् अनि उनले 'तिमी' भनेर कविता की देवीलाई सम्बोधन गरेका हुन् ।

**25.** 'टेग्मिमविज्ञान' – का प्रतिपादक को हुन् ?

(A) एम.ए.के. ह्यालिडे

(B) केनेथ ली पाइक

(C) जे.आर. फर्थ

(D) सिड्नी एम. ल्याम्ब

**26.** 'ग्लसिमविज्ञान' – को अवधारणा कुन भाषावैज्ञानिक सम्प्रदायको देन हो ?

(A) अमेरिकेली सम्प्रदाय

(B) जेनेवा सम्प्रदाय

(C) प्राहा सम्प्रदाय

(D) कोपेनहेगन सम्प्रदाय

**27.** तल दिइएका कुन पशुको शिशुलाई के भनिन्छ ?

| **पशुको नाम** | **शिशुवाचक शब्द** |
|---|---|
| (क) भालु | (i) गाँडु |
| (ख) गधा | (ii) केटो/केटी |
| (ग) गैँडा | (iii) छावा |
| (घ) हात्ती | (iv) गद्दु |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (ii) | (iv) | (i) | (iii) |
| (B) | (iv) | (i) | (ii) | (iii) |
| (C) | (iii) | (i) | (iv) | (ii) |
| (D) | (ii) | (iii) | (iv) | (i) |

**28.** तल दिइएका दृष्टान्त मध्ये कुनमा चतुर्थी तत्पुरुष समास पाइन्छ ?

(A) भुइँफुट्टा

(B) जिउसुहाउँदो

(C) पानीमरूवा

(D) वनवास

**29.** तलका मध्ये कुन चाहिँ प्रत्यय नाममा लागेर विशेषण पद बन्दछ ?

(A) आरो

(B) औरा

(C) एरी

(D) ची

**30.** सुन सुन भाइ हो – चारैतर्फ भारी ।
पृथिविमा घेरियको समुन्द्रको पारी ।।
टापुहेरु युरोपमा नाना रितका छन् ।
आधा रुस यतातिर यसिया कहन्छन् ।।

– यो पद्यांश कुन कृतिबाट उद्धृत गरिएको हो ?

(A) रतन गिरीकृत 'चन्द्रशमशेरको सवाई' ।

(B) नरेन्द्र रिमालकृत 'यूरोपीय महाभारत जर्मनीका लडाञीको सवाई' ।

(C) नरबहादुर रानाकृत 'जङ्गबहादुरको सवाई' ।

(D) चिरञ्जीवी पौड्यालको 'यूरोप यात्रा' ।

**31.** कविराज दीननाथ सापकोटाले कस्ता लेखकहरुलाई 'माधवीका किङ्करहरु' भनेका थिए ?

(A) माध्यमिक कालका शृङ्गारिक कविहरुलाई ।

(B) 'सुन्दरी' पत्रिकालाई 'भँडुवी' भन्नेहरुलाई ।

(C) हलन्त बहिष्कारका पक्षधरहरुलाई ।

(D) हलन्तवादी लेखकहरुलाई ।

**32.** इतिहासलाई 'विचारहरुको क्रम र बुद्धिको क्रिया' मान्ने विद्वान् को हुन् ?

(A) हेरोडोटस

(B) हर्बर्ट स्पेन्सर

(C) हेगेल

(D) हेडेन ह्वाइट

"सुमनका मनका रस सारका
अधरका कलिला धरका थिए ।
महक झैँ महको 'म हकी' भनी
भनभनी नभनीकन क्यै अरु
भुनभुनाउँदथ्यो भँवरो बरो ।"

– माथि दिइएको कवितांश पढेर त्यसमा आधारित तलका प्रश्नहरुका उत्तर ठिम्याई निर्दिष्ट स्थानमा चिह्न लगाउनुहोस्

**33.** उपर्युक्त पद्यमा कुन अलङ्कारको प्रयोग पाइन्छ ?

(A) उत्प्रेक्षा

(B) समासोक्ति

(C) स्वभावोक्ति

(D) अर्थान्तरन्यास

**34.** उपर्युक्त पद्य कुन छन्दमा रचिएको छ ?

(A) वंशस्थ

(B) स्वागता

(C) बसन्ततिलका

(D) द्रुतविलम्बित

**35.** उपर्युक्त पद्य कुन काव्यबाट लिइएको हो ?

(A) 'लालित्य' कविता सङग्रह भाग-2 बाट ।

(B) 'सुलोचना' महाकाव्यबाट ।

(C) 'शाकुन्तल' महाकाव्यबाट ।

(D) 'आदर्श राघव' महाकाव्यबाट ।

**36.** "सम र इन्द्रबहादुर राई समयको दुई डिलमा उमिएका छन् । इन्द्रबहादुर राईलाई युगले चिथोरेको छ; बुद्धिले उहाँका रचनालाई छोएको मात्र होइन पोतेको छ ।"

– यस्तो मन्तव्य प्रकट गर्ने आलोचक को हुन् ?

(A) दयाराम श्रेष्ठ 'सम्भव'

(B) अभि सुवेदी

(C) कृष्णचन्द्रसिंह प्रधान

(D) गुमानसिंह चामलिङ

**37.** "सुरक्षित छन् यहाँका मानिस गहिरो नीँदमा
स्वस्तिको सिरकमुनि आश्वासनको सिएनी हालेर ।"

– यस कवितांशको सुर कस्तो छ ?

(A) आत्मवेदनामूलक

(B) स्वभावोक्तिमूलक

(C) व्यङ्ग्यात्मक

(D) हास्यजनक

**38.** "मासुको हरेक तिरोधानमा एउरा
तीर्थ तयार गरेर
म पनि हिंडिरहेछु ।"

– यस कवितांशले कुन मिथकतर्क सङ्केत गरेको छ ?

(A) मानव-उत्पत्तिको मिथक ।

(B) पशु-बलि प्रथाको उद्भव सम्बन्धी मिथक ।

(C) शिव र पार्वतीको मिथक ।

(D) शिवले सतीदेवीको लास बोकिहिंडेको मिथक ।

**39.** "सङ्घर्षका र मृत्युहरुका राता रङ्गहरु भएर केही हुने छैन

तिनीहरु काठले बनाएका पाङ्ग्राका हिँड्ने खट हुन्

देवी देवतालाई माथि लिएर सहरको परिक्रमा गर्न

नसजाइएका कुनामा परेका आवासहरु जस्तै

नबनाइएका घरका आयोजनाहरु जस्तै"

– यस कवितांशले कस्तो काव्य-शैलीको परिचय दिन्छ ?

(A) देवकोटाको रोमान्टिक शैली ।

(B) मोहन कोइरालाको प्रयोगात्मक शैली ।

(C) ईश्वर वल्लभको आयामेली काव्यशैली ।

(D) गोपालप्रसाद रिमालको बिम्बप्रधान काव्यशैली ।

**40.** 'आमाको दिल' शीर्षक निबन्धका रचनाकार को हुन् ?

(A) बालकृष्ण सम

(B) लक्ष्मीप्रसाद देवकोटा

(C) हृदयचन्द्रसिंह प्रधान

(D) कृष्णचन्द्रसिंह प्रधान

**41.** "खँदिलो भनेको त्यसको नाम हो जो हातले पक्रन सकिँदैन । देखिने र बनिसकेका चीजमा त खालि परिचितको निर्मोहनी छ; नभएका र नदेरिषएकामा अविदितको जादू छ ।"

– लक्ष्मीप्रसाद देवकोटाले यो कुरा कुन निबन्धमा लेखेका छन् ?

(A) कला र जीवन ।

(B) छन्द र लय ।

(C) साधुको महात्म्य ।

(D) कल्पना ।

**42.** "तिमीले चीज हरुको कुरा चाल पायाको भया एस्तो कुरा कैले गर्णे थियौन कारण क्येई कुरो पनि अभाव अर्थात् हराई जाँदैन । एसै गरि आगो मां पोलेको चीज मसिइन भई फिजियेर हावा सित टाडो 2 देश मां गयेर दुर्गन्ध लाई पन्सेई दिंदछ ।"

– यो कुन लेखकको गद्यशैलीको नमुना हो ?

(A) पादरी गङ्गाप्रसाद प्रधान ।

(B) पं. दिलूसिंह राई ।

(C) युवालेखकका रूपमा पारसमणि प्रधान ।

(D) पहलमानसिंह स्वाँर ।

**43.** तल उल्लेख गरिएको कुन नाटक कुन लेखकले लेखेका हुन् ?

| **नाटक** | **नाटककार** |
|---|---|
| (क) विजय वसन्त | (i) भैयासिंह |
| (ख) रुक्मिणी हरण | (ii) हस्तलाल गिरी |
| (ग) कंजूसको धन | (iii) धनवीर मुखिया |
| (घ) नल-दमयन्ती | (iv) जेम्स डन |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iv) | (i) | (ii) | (iii) |
| (B) | (ii) | (iv) | (i) | (iii) |
| (C) | (iii) | (i) | (iv) | (ii) |
| (D) | (iv) | (iii) | (ii) | (i) |

**44.** सम्पूर्ण 'अध्यात्म रामायण' को नेपाली गद्यानुवाद गर्ने प्रथम अनुवादक को हुन् ?

(A) केदारनाथ खतिवडा

(B) सुन्दरानन्द बाँडा

(C) दैवज्ञज्योतिनरसिंह

(D) भैरवसिंह

**45.** 'मुनामदन' खण्डकाव्यको कथास्रोत के मानिएको छ ?

(A) नेवारी रोपाइँ गीत 'सिह्नायाज्या' ।

(B) नेवारी लोकगीत 'सती' बिज्याय माल' ।

(C) नेवारी गीतिकथा 'जि वया ला लछि मदुनि' ।

(D) नेवारी 'गीति मञ्जरी' काव्य ।

46. गद्याख्यानमा मुखपात्र र समाजबीच मध्यस्थता कायम गराउने र मुखपात्रको चरित्र बढी उज्ज्वल तुल्याउने साधनका रूपमा व्यवहार गरिने पात्रलाई के भनिन्छ ?

(A) कार्ड पात्र

(B) अदृश्य पात्र

(C) फिसेल

(D) पृष्ठभूमि पात्र

47. बालकृष्ण समको 'म' कस्तो नाटक हो ?

(A) सामाजिक त्रासद नाटक

(B) चतुष्पदीय छन्दोबद्ध काव्यनाटक

(C) मनोवैज्ञानिक सुखान्त नाटक

(D) गद्यकविता शैलीको सामाजिक नाटक

48. 'प्रमिथस' महाकाव्यमा उल्लिखित 'शिथिया' के हो ?

(A) मरूभूमि

(B) जङ्गली फूल

(C) सामुद्रिक रोग

(D) ककेससको दण्डक्षेत्र

49. लोकगाथाको उत्पत्तिका सम्बन्धमा तलको कुन सिद्धान्तका प्रतिपादक को हुन् ?

| **सिद्धान्त** | **प्रतिपादक** |
|---|---|
| (क) जातिवाद | (i) स्लेगल |
| (ख) व्यक्तिवाद | (ii) बिसप पर्सी |
| (ग) चारणवाद | (iii) ग्रीमबन्धु |
| (घ) लोकनिर्माणवाद | (iv) स्टेन्थल |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iii) | (i) | (iv) | (ii) |
| (B) | (iv) | (i) | (ii) | (iii) |
| (C) | (ii) | (iv) | (i) | (iii) |
| (D) | (ii) | (iii) | (iv) | (i) |

50. 'सोरठी' कुन शैलीको लोकनाच हो ?

(A) तराई ।

(B) हिमाली ।

(C) पहाडी ।

(D) किराँती ।

51. लोकगीतमा बिचबिचमा दोहोरिन आउने थेगोको अर्को पर्यायवाची शब्द कुन हो ?

(A) टेको ।

(B) रहनी ।

(C) स्थायी ।

(D) दोहरी ।

52. काव्यलाई एउटा 'उपास्य महान् पुरुष' र 'वाग्देवीको आनन्दमय विभूति' का रूपमा वर्णन गर्ने काव्याचार्य को हुन् ?

(A) क्षेमेन्द्र ।

(B) भोज ।

(C) अप्पय्यदीक्षित ।

(D) राजशेखर ।

53. नाटक वा महाकाव्यको कथानक-विकासक्रममा पताका र प्राप्त्याशाको योगबाट बीजको विस्तार भई उपाय लाग्ने-नलाग्ने अनिश्चित अवस्था भएको भागलाई के भनिन्छ ?

(A) निर्वहणसन्धि

(B) प्रतिमुखसन्धि

(C) गर्भसन्धि

(D) विमर्शसन्धि

**54.** संस्कृत साहित्यशास्त्रमा कस्तो रचनालाई 'कथा' भनिएको छ ?

(A) पशुपक्षीहरुको कुरा लिएर लेखिएको कल्पनामूलक इतिवृत्त ।

(B) सत्य अंश थोरै र कल्पित अंश धेरै भएको रचना ।

(C) पूर्णकथा नभएर बिचको टुक्रा सानो कथा ।

(D) पूर्व-परम्परादेखि चलिभाएको प्रसिद्ध सत्य कथा ।

**55.** "यता विज्ञानी मै उसतिर भई ज्ञानसहित
दुवैतर्फी तेजी प्रबल नृप झैँ कल्करहित ।
अरु कोही छैनन् मकन पनि थाहा यति थियो
सवारी भो राजा अब सकल चिन्ता पनि गयो ।।"
– यस पद्यमा प्रयुक्त 'कल्क' शब्दको अर्थ के हो ?

(A) कलङ्क

(B) कुलीनता

(C) कल्प

(D) कल्की

**56.** भानुभक्तको 'बंधूशिक्षा' का विपरीत 'वरशिक्षा' को रचना गर्ने कवि को हुन् ?

(A) तीर्थराज पाण्डे

(B) भीमनिधि तिवारी

(C) भैरव अर्याल

(D) शिखरनाथ सुवेदी

**57.** तलका मध्ये कुन चाहिँ कृति गीति कविताहरुको सङग्रह हो ?

(A) माधव घिमिरेको 'किन्नर किन्नरी' ।

(B) माधवप्रसाद देवकोटाको 'फूलबारी' ।

(C) कृष्णप्रसाद पराजुलीको 'सय थुँगा फूल' ।

(D) अगमसिंह गिरीको 'जीवनगीत' ।

**58.** वाक्यात्मक संरचनामा कोटिकारले कस्ता पदावली निर्माण गर्दछन् ?

(A) परस्थानिक पदावली

(B) क्रियाविशेषण पदावली

(C) क्रियापदावली

(D) विशेषण पदावली

**59.** कस्ता पदलाई भाषाविज्ञानमा अशाब्दिक वर्गमा राखिन्छ ?

(A) कोशीय अर्थ नभएका पद ।

(B) कुनै प्रत्ययको योगद्वारा रूपायित नहुने पद ।

(C) एउटै मात्र वर्णले बनेका पद ।

(D) ध्वनि लोप हुँदै गएर खिइसकेका पद ।

**60.** संस्कृत काव्यशास्त्रीहरु मध्ये कसैले शब्दालङ्कारका रूपमा अनि कसैले चाहिँ अर्थालङ्कारका रूपमा पनि चर्चा गरेको अलङ्कार कुन हो ?

(A) पर्याय

(B) यमक

(C) वक्रोक्ति

(D) विशेषक

**61.** शैलीवैज्ञानिक सिद्धान्तअनुसार तलकामध्ये कुन चाहिँ कला-माध्यम हो ?

(A) कलम र कागज ।

(B) कवि र उसको जीवनानुभूति ।

(C) अर्थ र सन्दर्भ ।

(D) भाषा, प्रतीक, बिम्ब ।

62. प्राहा सम्प्रदायका भाषाविज्ञानहिरुले अर्थको लघुत्तम एकाइलाई कुन संज्ञा दिएका छन् ?

(A) मोनिम

(B) थिम

(C) सिम

(D) रिम

63. एउटा म गण, दुईवटा त गण अनि दुईवटा गुरु भई चारमा विश्राम हुने छन्दको नाउँ के हो ?

(A) शालिनी

(B) स्वागता

(C) रथोद्धता

(D) वंशस्थ

64. "कुनै फुस्राघुस्रा चुटुचुटु जगल्टा र जुटिका
फुकाई पल्टाई चपल गतिका दुर्भाग्य-गुटिका
टिपी राखी ढुङ्गाउपर सब फोर्थे पटपटी
मलाई त्यो देख्दा हृदयबिच हुन्थ्यो छटपटी ।।"

– यस पद्यमा कुन रसको स्थिति पाइन्छ ?

(A) करुण

(B) अद्भुत

(C) वीभत्स

(D) हास्य

65. नेपालीमा प्रचलित तलको कुन शब्दको मूल स्रोत कुन भाषा हो ?

| **शब्द** | **स्रोत** |
|---|---|
| (क) बुइँगल | (i) पुर्तगाली |
| (ख) बाल्टी | (ii) तुर्की |
| (ग) कैँची | (iii) अरबी |
| (घ) हाजिर | (iv) नेवारी |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iv) | (i) | (ii) | (iii) |
| (B) | (iii) | (iv) | (i) | (ii) |
| (C) | (ii) | (iii) | (iv) | (i) |
| (D) | (iii) | (i) | (iv) | (ii) |

66. आर. शाम शास्त्रीको मतअनुसार भारतमा मूर्तिपूजा गर्ने प्रथा चल्नुभन्दा अघि साङ्केतिक चिह्नहरु बनाएर पूजा गरिन्थ्यो र यी चिह्नहरुलाई त्रिकोण तथा चक्राकार यन्त्रहरुका बिचमा लेखिन्थ्यो । त्यस्ता यन्त्रहरुलाई के भनिन्थ्यो ?

(A) दैवी यन्त्र

(B) गोप्य यन्त्र

(C) गणचिह्न

(D) देवनगर

67. मलायाबाट रोमन लिपिमा प्रकाशित हुने नेपाले पत्रिकाको नाउँ के हो ?

(A) लाहुरे

(B) पर्वते

(C) गोर्खाली

(D) फौजी

68. 'नेपाली भाषाको कथा' शीर्षक पुस्तक कसले लेखेका हुन् ?

(A) चूडामणि बन्धु

(B) पारसमणि प्रधान

(C) बालकृष्ण पोखरेल

(D) पूर्णप्रकाश नेपाल 'यात्री'

'दुखान्तकको भाषा अलङ्कृत हुन्छ' भन्ने कथनका आधारमा तलका प्रश्नका उत्तर दिनुहोस् :

**69.** एरिस्टोटलको विचार अनुसार अलङ्कृत भाषा भन्नुको अभिप्राय के हो ?

(A) छन्द, लय र रीतिको समावेश ।

(B) रस, गुण र ध्वनिको समावेश ।

(C) लय, सामञ्जस्य र गीतको समावेश ।

(D) करुणा, त्रास र वस्तुको समावेश ।

**70.** दुखान्तकका सङ्घटक तत्त्वहरु के-के हुन् ?

(A) कथानक, चरित्रचित्रण, पदावली, विचार, दृश्यविधान र गीत ।

(B) कथानक, चरित्रचित्रण, त्रास, दृश्य, अङ्क र नट-नटी ।

(C) कथानक, चरित्रचित्रण, अनुकरण, अन्विति र अभिज्ञान ।

(D) कथानक, चरित्रचित्रण, कल्पना, कार्यान्विति र रङ्गमञ्च ।

**71.** दुखान्तकको अनुकूल स्थिति कुन हो ?

(A) जानीबुझी कुनै कार्य गर्न खोज्नु र गर्नु ।

(B) जानीबुझी कुनै कार्य गर्न खोज्नु परन्तु नहुनु ।

(C) अनजानमै काम हुनु र पछि वस्तुस्थिति प्रकट हुनु ।

(D) अनजानमै हुन लाग्नु र समय छँदै अभिज्ञान भएर दुर्घटनाबाट जोगिनु ।

**72.** "म इतिहासको एक अनौठो कालमा जन्म लिन पुगेछु
– यसको लागि मेरा पुर्खालाई सहस्र धन्यवाद ! "
– यो कथन कुन पुस्तकमा कसले व्यक्त गरेका हुन् ?

(A) हरिभक्त कटुवालले 'यो जिन्दगी खै के जिन्दगी' – मा ।

(B) गुमानसिंह चामलिङले 'कारागारमित्रको जिन्दगी र अन्य कविताहरू' – मा ।

(C) शङ्कर लामिछानेले 'गाँथलीको गुँड' – मा ।

(D) अगमसिंह गिरीले 'युद्ध र योद्धा' – मा ।

**73.** दार्जिलिङ्मा स्थापित पहिलो छापाकल कुन हो ?

(A) गोर्खा प्रेस

(B) व्याप्टिस्ट मिशन प्रेस

(C) स्कच मिसन अर्फनेज प्रेस

(D) हरि प्रिन्टिङ्ग प्रेस

**74.** तिमीकन नजिकैमा देखि खुप् खूसि हुन्थ्याँ
घडि घडि रघुनाथ्का मिष्ट वार्ता म सुन्थ्याँ ।।
अब कसरि म यस्ता दुःखले प्राण धर्छू
तिमि पनि फिरि जान्या फेरि ताप्मा म पर्छू ।।
– उक्त पद्यमा कुन छन्द प्रयोग भएको छ ?

(A) मत्तमयूर

(B) वसन्ततिलका

(C) पुष्पिताग्रा

(D) मालिनी

**75.** "आधुनिक कविताले मनोरञ्जन गराउँदैन । यसले जति अप्रिय, कुरुप र आजसम्म तिरस्कृत वस्तु छन् तिनलाई दर्शाउँछ" – यस्तो मन्तव्य प्रकट गर्ने समालोचक को हुन् ?

(A) केशवप्रसाद उपाध्याय

(B) अभि सुवेदी

(C) इन्द्रबहादुर राई

(D) वासुदेव त्रिपाठी

**Space For Rough Work**